# परिवेश

(कविता सङ्ग्रह)

श्री नरेश शाक्य

## वर्तमान केही टुक्राहरूमा

१
म सिग्रेट सल्काउँछु
प्रत्येक सर्कोमा सिग्रेटको आगो
क्रमशः सल्कन्दै निभ्छ ।
२
एउटा अमूर्त चित्र
कसैले के अर्थ लगाउँछन्
कसैले के ।
३
मन सडक भए
त्यसमाथि निष्फिक्री गुज्रनु हुन्थ्यो ।
४
जति रफु गर्दा पनि
जिन्दगी फाटेकै देखिन्छ ।
५
रातभर सडकमा बलेका बत्तीहरू निभे
प्रातः बिउँझ्यो ।
६
अफिसमा ब्यस्त कुनै कर्मचारी झैँ
ग्राहकसँग ब्यस्त कुनै ब्यापारी झैँ
ओहर दोहरमा ब्यस्त कुनै कार टयाक्सी
जीप वा बस ब्यवसायी झैँ
दिन बितिरहेछ ।

७

रातभर बत्तीहरू बलिरहे
तर घर, अफिस, दोकानहरू सब बन्द छन्
सडकमा मानिसहरू को आवागमन
एकाएक सब बन्द छन् ।

८

ऊ भीरहरूमा जान्छ
उ पहिरोहरूमा जान्छ
बाढीले भत्काएका दुर्गम बाटोहरूमा जान्छ
र निर्माण गर्छ सुविधायुक्त सडकहरू
पुलहरू निर्माण गर्छ ।

९

टेबलमा सजाएर राख प्लास्टिकका फूलहरू
घरमा सिँगारेर राख मनिप्लान्टका बिरुवाहरू
विन्डोमिररमा फुल्छन् अचेल
प्रेमका सुगन्धित फूलहरू ।

१०

तिम्रो जन्म भयो
यसको खुशी पनि मनाउन नपाउँदै
फेरि सुनेँ-तिम्रो मृत्यु भयो ।

११

पर्खालहरू ढले
सयौँ वर्षका मजबूद पर्खालहरू ढले
तोपले निर्मित ।

१२

आस्थाका फूलहरू चढाउन
कुनै मन्दिर सुरक्षित छैनन् ।

१३

पीडाले भारी परेलाहरू
अश्रु कुनै पनि क्षण
झर्नलाई तैयार ।

१४

लेकहरू
डाँडाका निधार र वक्षहरू चुम्न
झुकेका यी बादलहरू ।

१५

म रङ्गहरूको शौकीन छु
अलिकति अँध्यारोको रङ्ग
अलिकति प्रकाशको रङ्ग ।

१६

प्रात:को स्वर
मलाई आह्लादित तुल्याओस्
चाहन्छु ।

१७

स्वायत बाँच्ने अधिकार
टचाङ्कमुनि कुल्चिरहेछ
सार्वभौम बाँच्ने अधिकार
टचाङ्कमुनि कुल्चिरहेछ
सुरक्षा-सैनिकहरू कुदिरहेछन् ।

१८

कुर्सीमा बसेको उसलाई
धकेल्न पछाडिबाट
सधैँ तैयार छ कोही ।

१९

वार्ताको टेबलमा तरबार ।

२०

शान्तिका दस्तावेजहरू
बन्दूकको भाषा पढछन् ।

२१

शताब्दीअघि सुरक्षाको निम्ति लगाएको 'गारो'
यता पनि भत्केर
उता पनि भत्केर
चुहुन मात्र खोज्छ ।

२२

किनार नाघेर बाढी
घरभित्र पस्न खोज्दै छ
अस्तित्वकै गम्भिर सङ्कट छ ।

२३

एउट सुन्दर सपना सँगालेर
आज म सुत्छु
र भोलि मर्छु ।

२४

प्रेमपत्रहरू
बैरङ्ग फर्केछन् ।

२५
प्रत्येकपल्ट भुइँचालाले
केही मान्छेहरू मर्छन्
र उद्धारका नाटकहरू सुरु हुन्छन् ।

२६
बाढी आएर क्षतिग्रस्त इलाकामा
डुल्न गएको मन जस्तो ।

२७
प्रत्येकले अघिल्लो बलिदानको इतिहास
कुल्चिएर छटपटाउँछ
वर्तमान-एउटा स्वेच्छाचारी शासक झैँ ।

२८
चोकचोकमा
सडकसडकमा
होटलहरूमा
अचानक मानिसहरूको घुइँचो बढेको छ
दिनभर ब्यस्त कुनै कार्यालयको मुहानबाट
फुर्सदको लस्कर छुटेको छ ।

२९
तिम्रो आँखामा
कसले साँझरङ्ग पेन्टिङ्ग गरेछ
मनभित्र गहिरो उत्रन्छ ।

३०
बालक रुन्छ
रुनुको पूर्ण स्वतन्त्रता उसलाई ।

३१
रातभर शीतमा नुहाएर
बिहानी ‘टिन’ सौन्दर्यमा फकिरहेछ ।

३२
जति गढे सुन्दर शब्दावलि प्रेमका
ती अभिनय मात्र भए,
बाँच्नुको सहाराविना
चेतन, अचेतन मनका ब्रम्हसत्य मिथ्या भए ।

३३
सडकछेउ फुटपाथमा
ट्राफिक-नियमको पालन गरेर
म दुर्घटनाबाट बच्दै हिँड्छु
मलाई मानिसहरू असभ्य स्मरण गराउँदै
जिन्दगीको हाट बहिष्कार गर्छन् ।

३४

भुमरी उठ्यो सडकमा
पागलहरू मनपरी कराए
केही अनर्गल शब्द
तथ्यहीन विचार
र अर्थहीन वाक्यांशहरू ।

३५

एक टुक्रा उज्यालो
भुइँमा खस्न नपाउँदै
सिसिपसको जीवनकथा सुरु भयो ।

३६

अन्धकारले ग्रस्त रोगीलाई
अपरेशन गर्न
यो टेबलमाथिको ल्याम्प अपर्याप्त छ ।

३७

उपस्थितिमा म तिम्रो केही देख्दिनँ
म तिमीलाई छामेर भेट्दिनँ ।

३८

भोक लागेपछि
एक टुक्रा रोटी सम्झेर
मैले उसलाई निल्न खोजेँ
अग्निमय र आकर्षक रोटी ।

३९

जीवन एउटा सुकेको पात
झऱ्यो हाँगाहरूबाट वर्षको ।

४०

सडकको दायाँबायाँ लागेर उज्यालो उभिएको छ
स्थिर र मौन
म उसलाई आफूतिर आउने सङ्केत गर्छु
स्वीकृतिमा तर उसले शिरसम्म हल्लाउँदैन ।

४१

त्यो अकाशगङ्गा थियो वा धुमकेतु
त्यसको स्वच्छता झल्कियो आँखासम्म
म पछ्याउँदै गएँ त्यो ध्रुवचेतना
र त्यो मबाट भाग्दै गयो ।

४२

निःश्चल आसन
मुद्रा मौन
मन आन्दोलित ।

४३

ब्रम्ह मुहुर्तका गायकहरूले
उल्लासका जुन शब्द-सङ्गीत गाउँछन्
त्यो नव प्रभातकै स्वागतार्थ हो
कसरी भन्नु ?

४४

देवता जुनसुकै आवस् मन्दिरमा
मेरो काम हो त्यसलाइ पुज्नु
फूल, धूप र अक्षता गर्नु
स्तुति र प्रशंसाका केही मन्त्रहरू जप्नु
देवता जुनसुकै आवस् मन्दिरमा ।

४५

बाँसुरीको सुरीलो सङ्गीतमा
विनाशकै धुन
म मर्माहत छु ।

४६

लौरो टेकेर बृद्धावस्था
थकाइलाग्दो उकालो काटिरहेछ ।

४७

जति रङ्गहरू सोच्छु
अमूर्त चित्र पेश गर्दछ ।

४८

अहिंसाका मूर्तिहरू
शान्तिका मूर्तिहरू
उद्वेलित मात्र छन् ।

४९

मैले आकश देखिनँ
क्षितिज देखिनँ
तिमीले कल्पना गरेको / प्रयोग गरेको भाषा
कहीँ भ्रमपूर्ण त छैन ?

५०

सर्वाधिक नवीन
मैले तिम्रो प्रेममा प्रयोग गरेको शब्द
जसले मेरो कवितालाई यति सुन्दर र पृथक बनायो
त्यो तीव्रताको अनुभूति हराएर
शरीरसँगको मात्र यो उठबस भोग्दै छु ।

५१

मेरा आँखाहरू उज्यालो हेर्न अभ्यस्त छन्
मेरा आँखाहरू उज्यालो हेर्न उत्सुक छन्
क्षणाभरको पनि अँध्यारो
मेरा आँखाहरूले सहँदैनन् ।

५३

कालो झण्डा देखाएर
उसले मनाएको
विरोध-दिवस नै त हो

५४

जब बाहिर प्रकृतिमा नराम्रो हावा र हुरी चल्छ
जब वातावरण सन्तप्त बन्छ
त्यसबेला आफ्नो कोठाको झ्याल र ढोका
थुनेर बस्न सक्नु पनि
ठुलो बहादुरी हो ।

५५

भर्खर एउटा फूलको गुच्छा
फूलदानीमा सजाएको
ईर्ष्याले हो वा रिसले
भताभुङ्ग पारेर गइछ ।

५६

तिम्रो अन्तपछि
एउटा दु:स्वप्न सुरु भएको छ
म /हामी भित्र
विघटनको प्रक्रिया तेज भएको छ ।

५७

रक्तपात अनि भीषण सङ्घर्ष
यसको अन्त कहिले हुने हो ?

५८

पर्खालहरू ढलेका छन जताततै भूमिमा
अब त्यो क्रमश: तिम्रो मनमा
मेरो मनमा
बलियो छेकेर उभिएको छ ।

५९

आवागमन यति सरल भएको छ
तैपनि हामी आफ्ना मनका दूरीहरू
हटाउन असमर्थ छौं ।

६०
हिंसाका घटनाहरू सर्वत्र घटित छन्
शान्तिका सेनाहरूद्धारा
म यो युद्धपोत
हतियारको निकासी र पैठारी
युद्धभूमिबाट टाढा नागरिक बस्तीमा बमबारी
केही बुझ्दिनँ ।
६१
यतिबेला सबैलाई बस चढ्ने र ओर्लने हतार छ
समयले प्रस्थान गर्ने बेला पनि यही हो
तिम्रो असफलता र असमर्थताबारे उभिएर सोच्ने
एकछिनको पनि फुर्सद
यहाँ कसैलाई छैन ।
६२
ताण्डवनृत्यले गति पकडेको बेला
प्रेमको केही समाधि गाउँ
ईश्वर जगाऊँ
असम्भव भएको छ ।
६३
यात्रामा टाइमबम राखिएको छ
कुनै अज्ञात क्षणमा
म विश्वस्त हुन सक्छु ।
६४
जन्मोत्सवका निम्ति बालेका मोमबत्तीहरू
दीप-शिखाहरू
कसैले फुकेर निभायो ।
६५
क्रन्तिको आव्हानको गीत गाउने कवि
क्रान्ति पश्चात
आत्महत्या गरेर मऱ्यो ।
६६
यत्रो अभ्यासपछि
नाटकको मञ्चन
प्रभाव शून्य रह्यो ।
६७
कोइलीको मीठो धून
छेडैं भनेको तानमा
कर्कश राग मात्र रहेछ ।

६८

शहरमा बढ्दै गएको फोहोरमैला
दुर्गन्धमय वातावरण
एक समस्या ।

६९

शहादतपछिको उपलब्धि
असन्तोष
चरम घृणा
अहंको टकराव
नैराश्य र विभाजन ।

७०

आन्दोलनहरूको आँधीपछि
आकाशमा
ध्वँसका अवशेषहरू बाहेक
सिर्जनाको कहीँ सङ्केत छैन ।

७१

स्वार्थान्धताको दुर्दमनीय घोडा
खबरदारी समेतको पर्वाह नगरेर
कुदिरहेछ ।

७२

अन्धकारले शिविर उठाउन नपाउँदै
स्वच्छ वायुले,
अक्सिजनले,
श्वासनली भर्न
शहरू छटपटाएर ब्यूँझन्छ ।

६ ६ ६